| १० | पुनर्बीमा कमिशन आय र पुनर्बीमा शुल्क भुक्तानी अनुपात | | | | | | | |

| | बिवरण | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७६/७७ |
|---|---|---|---|---|---|---|---|---|
| | अग्नी | २६.४% | २४.७% | २०.०% | २३.३% | २७.०% | २७.०% | २७.०% |
| | सामुद्रिक | ३३.४% | ३४.१% | ३१.५% | ३०.८% | ३१.०% | ३१.०% | ३१.०% |
| | मोटर | ९.८% | १०.९% | १७.८% | २४.६% | २४.६% | २४.६% | २४.६% |
| | इन्जिनियरिङ्ग | २०.२% | २१.८% | २९.६% | १८.७% | १८.७% | १८.७% | १८.७% |
| | विविध | ३५.८% | ३५.६% | ५६.७% | ३५.७% | ३६.५% | ३६.५% | ३६.५% |
| | हवाई | ०.०% | ०.०% | ०.०% | ०.०% | ०.०% | ०.०% | ०.०% |
| | बाली तथा पशुपंक्षी | ०.०% | ०.०% | १६.६% | २३.९% | १७.०% | १७.०% | १७.०% |
| ११ | अभिकर्ता कमिशन र प्रत्यक्ष बीमाशुल्क अनुपात | | | | | | | |
| | अग्नी | ८.०% | ६.५% | ३.०% | २.९% | २.९% | २.९% | २.९% |
| | सामुद्रिक | ६.५% | ५.७% | २.९% | २.६% | २.६% | २.६% | २.६% |
| | मोटर | ५.९% | ५.६% | १.५% | १.७% | १.७% | १.७% | १.७% |
| | इन्जिनियरिङ्ग | ४.७% | ४.६% | ४.०% | ३.९% | ३.९% | ३.९% | ३.९% |
| | विविध | ४.५% | २.६% | ३.०% | १.९% | १.९% | १.९% | १.९% |
| | हवाई | ०.०% | ०.०% | ०.०% | ०.०% | ०.०% | ०.०% | ०.०% |
| | बाली तथा पशुपंक्षी | १५.०% | १२.३% | १४.०% | १४.८% | १४.८% | १४.८% | १४.८% |
| १२ | पुनर्बीमा कमिशन खर्च र पुनर्बीमा शुल्क भुक्तानी अनुपात | | | | | | | |
| | अग्नी | १८.८% | १८.२% | १३.७% | १४.५% | १४.५% | १४.५% | १४.५% |
| | सामुद्रिक | १९.०% | १९.२% | १८.६% | १९.०% | १९.०% | १९.०% | १९.०% |
| | मोटर | ७.८% | ७.९% | ७.६% | ७.८% | ७.८% | ७.८% | ७.८% |
| | इन्जिनियरिङ्ग | ८.९% | ८.९% | ८.२% | ८.५१% | ८.५१% | ८.५१% | ८.५१% |
| | विविध | १९.०% | १७.६% | १८.४% | १८.९०% | १८.९०% | १८.९०% | १८.९०% |
| | हवाई | ०.०% | ०.०% | ०.०% | ०.०% | ०.०% | ०.०% | ०.०% |
| | बाली तथा पशुपंक्षी | ०.०% | ०.०% | ०.०% | ०.०% | ०.०% | ०.०% | ०.०% |
| १३ | वाणिज्य बैंकको मुद्दती निक्षेपबाट आय र वाणिज्य बैंकको मुद्दती निक्षेप अनुपात | ७.०% | ६.६% | ६.२% | ६.०% | ८.०% | ७.०% | ६.०% |
| १४ | विकास बैंकको मुद्दती निक्षेपबाट आय र विकास बैंकको मुद्दती निक्षेप अनुपात | ९.०% | ६.४% | ५.६% | ७.६% | ९.०% | ८.५% | ८.०% |
| १५ | वित्तीय संस्थाको मुद्दती निक्षेपबाट आय र वित्तीय संस्थाको मुद्दती निक्षेप अनुपात | १०.३% | ९.७% | ६.४% | ५.४% | १०.०% | ९.०% | ८.०% |
| १६ | बैंक तथा वित्तिय संस्थाको डिवेन्चरबाट आय र बैंक तथा वित्तीय संस्थाको अग्राधिकार शेयर/डिवेन्चर अनुपात | ८.०% | ८.०% | ८.०% | ८.०% | ८.०% | ८.०% | ८.०% |
| १७ | म्यूचूयल फण्ड आय र नागरिक लगानी योजना लगानी अनुपात | ३.३% | ११.९% | ४.४% | १५.८% | १५.८% | १२.०% | १२.०% |
| १८ | कर्जाबाट आय र कर्जा अनुपात | ०.७% | ०.७% | ०.७% | ०.७% | ०.७% | ०.७% | ०.७% |
| १९ | अन्य निक्षेपबाट ( मुद्दती बाहेक) आय र ब्याज प्राप्त हुने अन्य | ३.७% | ६.६% | ३.४% | ३.५% | ३.५% | ३.५% | ३.५% |

| | बिवरण | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७६/७७ |
|---|---|---|---|---|---|---|---|---|
| | निक्षेप अनुपात | | | | | | | |
| २० | अन्य आय वृद्धिदर | | -२९.६% | २.३% | -३८.०% | ६७.०% | ६७.०% | ६७.०% |
| २१ | व्यवस्थापन खर्च ( कर्मचारी सम्वन्धी खर्च बाहेक) वृद्धिदर | | -३.०% | २.२% | ६.४% | २८.०% | २०.०% | २०.०% |
| २२ | लगानीबाट प्राप्त हुन बाँकी आय र लगानीबाट आय अनुपात | १०.२% | १.३% | ३.२% | ८.४% | ८.४% | ८.४% | ८.४% |
| २३ | कर्जाबाट प्राप्त हुन बाँकी ब्याज र कर्जाबाट आय अनुपात | ०.०% | ०.०% | ०.०% | ०.०% | ०.०% | ०.०% | ०.०% |
| २४ | अग्रिम भुक्तानी र भुक्तानी हुन बाँकी जम्मा दावी अनुपात | १२.३% | ९.५% | १२.०% | १५.१% | १५.१% | १५.१% | १५.१% |
| २५ | अभिकर्तालाई दिन बाँकी र अभिकर्ता कमिशन खर्च अनुपात | १६.९% | २०.८% | ३५.८% | २६.०% | २६.०% | २६.०% | २६.०% |
| २६ | सेवा शुल्क तिर्न बाँकी र कूल सेवा शुल्क अनुपात | १००.०% | १००.०% | १००.०% | ९५.६% | ९५.६% | ९५.६% | ९५.६% |
| २७ | कर्मचारीलाई कर्जा वृद्धिदर | | -१.९% | -८.३% | ४.७% | १०.०% | १०.०% | १०.०% |
| २८ | मूल्य अभिवृद्धि कर तिर्न बाँकी र कूल मूल्य अभिवृद्धि कर अनुपात | १०.०% | १४.१% | १५.१% | ७.७% | ७.७% | ७.७% | ७.७% |
| २९ | खुद बीमाशुल्कमा खुद दावी भुक्तानीको अनुपात | ६१.६% | ५२.२% | ११८.१% | ८७.८% | ६३.७% | ५२.९% | ४५.८% |
| ३० | खुद बीमाशुल्कमा खुद भुक्तानी हुन बाँकी दावी बापत व्यवस्था अनुपात | ५२.९% | ११४.२% | १०८.५% | १००.२% | ५५.२% | ५३.२% | ५०.५% |
| ३१ | कुल व्यवस्थापन खर्चमा कर्मचारी खर्चको अनुपात | ७२.४% | ७४.०% | ७३.९% | ७३.८% | ७५.३% | ७४.९% | ७४.४% |

***कम्पनीको विगत वर्ष सम्म प्रधान कार्यालय तथा १९ वटा शाखा कार्यालयहरु मात्र रहेकोमा चालु आ.व मा १४ वटा नयाँ शाखा कार्यालयहरु थप गरिनुका साथै २४ वटा तेश्रो पक्ष वीमा सेवा केन्द्र खोलिसकिएकाले वीमा व्यवसाय संग सगै खर्च पनि वृद्धि हुदै जाने तथ्यलाई थप आधार लिईएको छ।***

**वित्तिय सुचकाङ्क तथा मुख्य अनुपात**

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रति शेयर आय (EPS) | १०.८६ | (७.४१) | १९.४३ | ४०.०३ | २०.५९ | १५.२७ | २४.१९ |
| २ | चालु अनुपात | १.३० | १.११ | १.१७ | १.२९ | १.६२ | १.८४ | १.८४ |
| ३ | खुद सचालन पुंजी | २६४,५१८.८३ | १२७,७९५.७२ | १८७,४४४.४९ | २९२,२३२.३१ | ७१४,५८९.२९ | १,१८४,६१०.८५ | १,४०६,३८८.२७ |
| ४ | नगद अनुपात | ०.१६ | ०.१५ | ०.२० | ०.१७ | ०.१७ | ०.१४ | ०.१२ |
| ५ | शेयर अनुपात | १.०० | १.०० | १.०० | १.०० | १.०० | १.०० | १.०० |
| ७ | ऋण शेयर अनुपात | - | - | - | - | - | - | - |
| ८ | ऋण कुल सम्पत्ति अनुपात | - | - | - | - | - | - | - |
| ९ | व्याज कभरेज अनुपात | ९.०३ | - | - | - | - | - | - |
| १० | शेयर पूंजि प्रतिफल | ६.२% | -४.०% | १०.२% | १९.७% | ११.६% | ९.९% | १३.६% |
| ११ | पुजीं लागत प्रतिफल | ६.४% | -५.१% | ११.९% | १९.७% | ११.६% | ९.९% | १३.६% |
| १२ | सम्पत्तिमा प्रतिफल | २.१% | -१.४% | ३.५% | ७.३% | ५.६% | ५.२% | ७.०% |

(त) संगठित संस्थाको पछिल्लो बर्षको लेखापरिक्षण भएको वासलात र नाफा नोक्सान हिसावको विवरण :

**२०७३ श्रावण १ गते देखि २०७४ आषाढ मसान्त सम्मको वासलात**

| क.सं. | विवरण | रकम (रु.) |
|---|---|---|
| | **श्रोत** | |
| १ | चुक्ता पूँजी | २८७,६०८,२००.०० |
| २ | जगेडा तथा कोष | १५४,६६२,०७७.२६ |
| ३ | बीमा कोष | १३५,८०७,३९९.७७ |
| ४ | महा विपत्ति जगेडा | ५,०६५,६०८.५३ |
| ५ | तिर्न बाँकी दिर्घकालिन ऋण तथा सापटी | – |
| | **कूल श्रोत** | **५८३,१४३,२८५.५६** |
| | **उपयोग** | |
| ६ | स्थिर सम्पत्ती (खुद) | ३०,७६०,९६४.२५ |
| ७ | दिर्घकालिन लगानी | २२८,८१४,५४१.०० |
| ८ | दिर्घकालिन कर्जा | ३२,०५४,५००.०० |
| | चालु सम्पत्ती कर्जा तथा पेश्कीहरु : | |
| ९ | नगद तथा बैंक मौज्दात | ७०,५७८,७५७.३० |
| १० | अल्पकालिन लगानी | ७६०,६१६,८७०.७७ |
| ११ | अल्पकालिन कर्जा | – |
| १२ | अन्य सम्पत्ती | ४५१,९३८,५५९.९६ |
| | **जम्मा (क)** (९+१०+११+१२) | **१,२८३,१३४,१८८.०३** |
| | चालु दायित्व तथा व्यवस्थाहरु : | |
| १३ | चालु दायित्व | २३७,७५५,८९३.१४ |
| १४ | असमाप्त जोखिम व्यवस्था | १७०,७२२,३९४.६७ |
| १५ | भुक्तानी हुन बाँकी दावी व्यवस्था | ३०९,८१५,२१३.५२ |
| १६ | अन्य व्यवस्था | २७३,३२७,४०६.३९ |
| | **जम्मा (ख) (१३+१४+१५+१६)** | **९९१,६२०,९०७.७२** |
| १७ | **खुद चालु सम्पत्ती (ग) = (क) -(ख)** | २९१,५१३,२८०.३१ |
| १८ | अपलेखन वा समायोजन नभएको विविध खर्चहरु | – |
| १९ | नाफा नोक्सान हिसाबबाट सारेको नोक्सान | |
| | **कूल उपयोग** (६+७+८+१७+१८+१९) | **५८३,१४३,२८५.५६** |

**२०७३ श्रावण १ गते देखि २०७४ आषाढ मसान्त सम्मको नाफा नोक्सान हिसाव**

| क.सं. | विवरण | रकम |
|---|---|---|
| **आम्दानी** | | |
| १ | आय व्यय हिसाबबाट सारेको नाफा/(नोक्सान) | १५७,८९०,७९३.६५ |
| २ | लगानी कर्जा तथा अन्यबाट आय | २१,४५५,४५७.९३ |
| ३ | व्यवस्था फिर्ता | ९८५,६२६.९७ |
| ४ | अन्य आम्दानी | |
| | **जम्मा आम्दानी (क)** | **१८०,३३१,८७८.५५** |
| **खर्च** | | |
| ५ | व्यवस्थापन खर्च | १३,७११,२८७.५० |
| ६ | अपलेखन खर्च | – |
| ७ | शेयर सम्बन्धी खर्च | १३७,३६९.१९ |
| ८ | अन्य खर्चहरु | – |
| ९ | नोक्सानीको लागि व्यवस्था | १,२०२.७८ |
| १० | कर्मचारी आवास व्यवस्था | – |
| ११ | कर्मचारी बोनस व्यवस्था | १५,१३४,७२९.०१ |
| १२ | समायोजित आयकर (अ) . (आ) - (इ) | ३६,२२४,१२७.९० |
| | आ) आयकर | ४२,०९१,५९३.६५ |
| | इ) स्थगन कर सम्पत्ति/(दायित्व) | ५,८६७,४६५.७५ |
| | **जम्मा खर्च (ख)** | **६५,२०८,७१६.३८** |

| | | |
|---|---|---|
| | **खुद नाफा /(नोक्सान) (ग) = (क) - (ख)** | ११५,१२३,१६२.१७ |
| १३ | बीमा कोषमा सारेको | ५४,६२७,८४८.२१ |
| | बीमा जगेडामा सारेको | - |
| १४ | अघिल्लो वर्ष संग सम्बन्धिन खर्चहरु | १,८९९,४०८.८५ |
| १५ | अघिल्लो बर्षबाट सारिएको नाफा/(नोक्सान) | (३८,१३६,७८७.०५) |
| | शेयर प्रिमियबाट सारिएको रकम | |
| | **बाँडफाँडको लागि उपलब्ध रकम** | **२०,४५९,११८.०६** |
| | शेयर प्रिमियबाट सारिएको रकम | **१६,९७२,०४४.००** |
| १६ | क) स्थगन कर जगेडा | ५,८६७,४६५.७५ |
| | ख) पूँजीगत जगेडा | - |
| | ग) विशेष जगेडा | - |
| | घ) अन्य जगेडा (विवरण खुलाउने) | - |
| | १) असुल हुन बांकी वीमा प्रिमियम | - |
| | २) भुक्तानी गर्न बांकी दावी वापत | - |
| | ङ) प्रस्तावित लाभाशं | - |
| | (अ) बोनस शेयर (आ.व. २०७२।७३ र २०७३।७४) | २८,०४१,८९४.९७ |
| | (आ) नगद लाभांश (बोनस शेयरको कर वापत) (आ.व. २०७२।७३ र २०७३।७४) | १,४७५,८८९.५३ |
| | च) महा-विपत्ती जगेडा | २,०४५,९११.८१ |
| **१७** | **वासलातमा सारेको नाफा/(नोक्सान)** | **-** |

**(थ) संगठित संस्थाले गर्ने भएको काममा निहित संभावित जोखिमहरु :**

क) विद्यमान बीमा कम्पनीहरु र नयाँ बीमा कम्पनीहरुको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुन सक्ने जोखिमहरु ।
ख) बिमितहरुको जोखिम बहन गरे बापत हुन सक्ने जोखिमहरु ।
ग) देशको मौद्रिक नीति तथा बीमा समितिले जारी गर्ने नियम निर्देशनको अप्रत्याशित परिवर्तनबाट सिर्जना हुन सक्ने सम्भावित जोखिमहरु ।
घ) देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।
ङ) देशको आर्थिक अवस्थामा आउने उतार चढावबाट हुन सक्ने जोखिमहरु ।
च) देशको बैदेशिक ब्यापार नीतिमा हुन सक्ने परिवर्तन तथा विदेशी मुद्राको विनिमय दरमा घटबढ भई उत्पन्न हुन सक्ने सम्भावित जोखिमहरु ।
छ) निक्षेपको ब्याजदरमा आउने परिवर्तनबाट उत्पन्न हुनसक्ने जोखिमहरु ।
ज) पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु ।
झ) नेपाल सरकार तथा बीमा समितिको आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट श्रृजित हुनसक्ने जोखिमहरु ।
ञ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय राजनैतिक परिस्थिति तथा आर्थिक मन्दीबाट पर्न सक्ने जोखिमहरु ।

यस कम्पनीको सञ्चालनको इतिहास ७० (सत्तरी) वर्ष भन्दा बढिको रहेकोछ । सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न ब्यबस्थापनले निम्न उपायहरु अवलम्बन गर्दै जानेछ ।

क) कम्पनीको बिमितहरुको जोखिम बहन गरे बापत भएको सम्पत्तिहरुको नोक्सानी भई हुन सक्ने जोखिमहरुको लागि कम्पनीले असमाप्त जोखिम ब्यहोर्ने कोषको ब्यबस्था गरेको छ ।
ख) कम्पनीमा दावी परेको तर भुक्तानी नभइसकेको दावीहरुको सम्बन्धमा कम्पनीले भुक्तानी हुन बाँकी दाबीहरु बापत ब्यहोर्ने कोषको ब्यबस्था गरेको छ ।
ग) कम्पनीले बीमा बजारमा हुने प्रतिस्पर्धाको लागि जनशक्ति विकासमा ध्यान पुर्‍याउनुको साथै अन्य ब्यबसायिक जोखिमहरुबाट सिर्जना हुन सक्ने हानी नोक्सानीको लागि ब्यबस्थापन चनाखो भई सम्भावित हानी नोक्सानी कम गर्न सक्षम र प्रतिबद्ध रहेको छ ।
घ) त्यस्तै अन्य जोखिमहरु न्यूनीकरण गर्नका लागि प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली, समयानुसारको आधुनिक प्रविधि, स्पष्ट नीति तथा नियमहरुको निर्माण एवं समयानुसार आफ्नो सेवा तथा सुविधाहरुमा परिवर्तन गर्दै लगिने नीति रहेको छ ।

**धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिम**

रु.१००/- प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ ।

**(द) धितोपत्र बाँडफाँट सम्बन्धी ब्यवस्था :**

यस विवरण मार्फत निष्काशन गरिने हकप्रद साधारण शेयर प्रचलित “धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४” मा भएको ब्यबस्था अनुसार हकप्रद शेयरको निष्काशन बन्द भएको मितिले बढीमा तीस दिन भित्र बाँडफाँड गरी अभौतिक (Demat) रुपमा सम्बन्धित शेयरधनीको खातामा शेयर जम्मा गरे पश्चात राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशित गरिनेछ ।

**(ध) संगठित संस्थाको प्रबन्धपत्र, नियमावली, पछिल्लो वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाब, लेखापरीक्षण प्रतिवेदन निरीक्षण गर्न पाइने समय र स्थान :**

कार्यालय समयभित्र निम्न लिखित स्थानहरुमा सम्पर्क राखि कम्पनीको प्रबन्धपत्र, नियमावली, वासलात, नाफा–नोक्सानको विवरण निरीक्षण गर्न सकिनेछ :

(क) कम्पनीको रजिष्टर्ड कार्यालय, वडा नं. ३१, कमलादी, काठमाण्डौं ।

(ख) धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक : एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाडौ ।

**(न) निष्काशन हुने धितोपत्र प्रत्याभूति गरेको भए सो को विवरण :**

निष्काशन गरिने हकप्रद शेयरको लागि कुनै प्रत्याभुति गरिएको छैन ।

**(प) शेयर सूचिकरण गराउने सम्बन्धी व्यवस्था :**

यस विवरण मार्फत निष्काशन गरिने हकप्रद शेयर “धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४” को दफा ६ मा उल्लेख भए अनुसार नेपाल धितोपत्र बोर्डबाट धितोपत्र निष्काशनको लागि स्वीकृत भएको ७ (सात) कार्य दिन भित्र धितोपत्र सूचिकरण तथा अभौतिकीकरणका लागि नेपाल स्टक एक्सचेन्ज लि. तथा सिडिएस एण्ड क्लियरिङ्ग लि. मा निवेदन दिइएको छ ।

**(फ) संगठित संस्थाको कारोबारमा असर पर्ने कुनै विवाद/मुद्दा मामिला भए सो को विवरण :**

कम्पनीको कारोबारमा असर पर्ने कुनै विवाद मुद्दा मामिला छैन ।

**(ब) धितोपत्र खरिद गर्न चाहने आवेदकले पालना गर्नुपर्ने मुख्य कुराहरु :**

१) हकप्रद शेयर खरिद गर्नका लागि हकप्रद शेयरको निष्काशन पूर्व कम्पनीले सार्वजनिक सूचना मार्फत् जानकारी गराएको मिति सम्ममा शेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरुले मात्र हकप्रद शेयर खरिद गर्न आवेदन दिन पाउने छन् ।

२) हकप्रद शेयर खरिद गर्नका लागि आवेदन दिँदा आफ्नो नाममा दर्ता रहेको शेयर संख्या, शेयर प्रमाणपत्र नम्बर, शेयरधनी नम्बर तथा आफूले लिन चाहेको हकप्रद शेयर संख्या समेत खोली कम्पनीद्वारा तोकिएको ढाँचाको आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ।

३) आवेदन फाराम अंग्रेजी तथा नेपाली दुवै भाषामा पूर्ण रुपले भर्नु पर्नेछ ।

४) हकप्रद शेयरका लागि आवेदन दिँदा आफूले लिन चाहेको शेयर संख्या वापत प्रति शेयर रु.१००/–का दरले हुने एकमुष्ट रकम तोकिएको संकलन केन्द्रहरु वा निष्काशन बैंकको खातामा जम्मा गरी सो को सक्कल भौचर साथै राखी आवेदन दिनु पर्नेछ ।

५) संयुक्त नाममा रहेका साविक शेयरधनीहरुले आवेदन दिँदा संयुक्त रुपमा नै हकप्रद शेयर खरिदका लागि दरखास्त दिनु पर्नेछ ।

६) हकप्रद शेयर बाँडफाँट गर्दा जुन समूहको शेयरधनी हो, सो शेयरधनीलाई सोही समूहको शेयरको अनुपातमा बाँडफाँट गरिनेछ ।

७) तोकिएको समयभित्र हकप्रद शेयर खरिदका लागि आवेदन पेश नगर्ने तथा दरखास्त साथ शेयर बापतको रकम दाखिल नगर्ने साविक शेयरधनीहरुले पछि हकप्रद शेयरको लागि कुनै किसिमको दावी गर्न पाउने छैन ।

८) हकप्रद शेयर सम्बन्धी कुनै विवाद भएमा वा परेमा कम्पनीको संचालक समितिले गरेको निर्णय अन्तिम हुनेछ ।

९) यस विवरण मार्फत निष्काशन गरिने हकप्रद साधारण शेयर प्राप्त गर्ने डिम्याट खाता (DMAT Account/BOID No.) भएका आवेदकहरुलाई नीजहरुले चाहेको खण्डमा धितोपत्रको प्रमाणपत्र अभौतिक रुपमा समेत उपलब्ध गराउने ब्यबस्था गरिने हुँदा नीजहरुले शेयर खरिदका लागि आवेदन दिँदा आफ्नो डिम्याट खाता (DMAT Account/BOID No.) समेत आवेदन फाराममा स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ । साथै कुनै पनि शेयरधनीको भौतिक तथा अभौतिक (डिम्याट) रुपमा शेयर कायम रहेको शेयर अनुसार हकप्रद शेयर भर्दा त्यस्ता शेयरधनीको शेयर भौतिक तथा अभौतिक (डिम्याट) जुन रुपमा कायम रहेको भएता पनि एउटै मात्र आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ ।

**(भ) आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरु :**

साविकका शेयरधनीले देहायको अवस्थामा अन्य कुनै ब्यक्तिले खरिद गर्न पाउने गरी हकप्रद शेयर बिक्री खुल्ला भएको अवधि भित्र “धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३” को अनुसूची–११ को ढाँचामा निवेदन दिई आफ्नो हक अन्य ब्यक्तिलाई हस्तान्तरण गर्न सकिनेछ ।

(क) हकप्रद शेयर खरिद गर्ने हक अन्य कुनै ब्यक्तिलाई हस्तान्तरण गर्ने सम्बन्धी ब्यबस्था सम्बन्धित संगठित संस्थाको प्रबन्धपत्र वा नियमावलीमा भएको,

(ख) मनोनयन भै शेयरको लागि आवेदन गर्दा धितोपत्र बजारको कारोबार इकाई अनुसार हुने ब्यबस्था नियम १७ को उपनियम ४ बमोजिम प्रकाशित विवरणमा ब्यबस्था गरिएको,

(ग) कम्पनीको प्रबन्धपत्र, नियमावलीमा भएको व्यवस्था तथा सम्बन्धित नियमनकर्ताले स्वामित्व सिमा तोकेकोमा त्यस्तो सीमा भित्र रहेको, पहिले लिएको वा पछि ग्रहण गरिने शेयर समेत कूल शेयर संख्या सो सिमा ननाघ्ने गरी मात्र मनोनित हुनेले शेयरका लागि आवेदन गर्न सकिने,

(घ) संगठित संस्थाको प्रबन्धपत्र र नियमावलीको व्यवस्था अनुसार स्वामित्व तथा सञ्चालक समिति समूहकृत गरिएको भएमा सोही समूहभित्र रहने गरी मात्र मनोनयन गरिएको,

(ङ) प्रचलित कानून अनुरुप मनोनित हुने व्यक्ति वा संस्था कालो सूचीमा नरहेको तथा अयोग्य समेत नभएको,

(च) मनोनयन गरिने ब्यक्ति प्रचलित कानून बमोजिम त्यस्तो संस्थाको शेयर खरिद गर्न अयोग्य नभएको,

(छ) हक हस्तान्तरण आंशिक वा पुरैको लागि निवेदन दिँदा निवेदनका साथ हक हस्तान्तरण गरी लिइने हकप्रद शेयरको चुक्ता रकमको १ प्रतिशत रकमले हुने आउन रकम मनोनयन गरिदिने शेयरधनीले बुझाएको शुल्क समेत समावेश गर्नु पर्नेछ ।

(ज) हक हस्तान्तरणको लागि मनोनयन गर्दा एक ब्यक्तिलाई मात्र मनोनयन गर्नु पर्नेछ ।

(झ) शेयरवालाले आफ्नो हकको हकप्रद शेयर अन्य व्यक्तिलाई मनोनयन गरी हस्तान्तरण गरेमा त्यस्तो शेयरवालाले सोही संगठित संस्थाको अरु शेयरवालाको हकप्रद शेयर खरिद पाउने छैन ।

**(म) संगठित संस्थाको लेखापरीक्षक, कम्पनी सचिव, वित्तीय विवरण प्रक्षेपण गर्ने विशेषज्ञ, प्रक्षेपित विवरणको प्रक्षेपण/अनुमानको आधार तथा तरिका बारे पुनरावलोकन गरी सन्तुष्ट भएको राय ब्यक्त गर्ने विशेषज्ञ, "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" तयार गर्ने विशेषज्ञ तथा निष्काशन तथा बिक्री प्रबन्धकको नाम, ठेगाना :**

क) कम्पनीको ६७औं र ६८औं बार्षिक सभाको निर्णय बमोजिम आ.ब.२०७३/०७४ को बाह्य लेखापरीक्षण कार्य गर्नको लागि एनबिएसएम एण्ड एसोशिएटस् चार्टड एकाउन्टेण्टसका लेखापरीक्षक चार्टड एकाउण्टेण्ट श्री दुर्गा प्रसाद ज्ञवाली, नक्साल, काठमाण्डौंलाई नियुक्त गरिएको छ ।

ख) यस कम्पनीको कम्पनी सचिवमा व्यवस्थापनमा विषयमा स्नातक शैक्षिक योग्यता हासिल गर्नु भएका काभ्रे भुम्लु गाउंपालिका- ८ निवासी चन्द्र नाथ उप्रेती कार्यरत हुनु हुन्छ ।

ग) यस कम्पनीको वित्तीय विवरण प्रक्षेपण विगत वर्षहरुको कारोबारको आधारमा निष्काशनकर्ता कम्पनी आफैले तयार गरेको हो । उक्त वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु हालको वित्तीय बजारको स्थिति, निष्काशनकर्ता कम्पनीको हालको दक्षता र निष्काशनकर्ता कम्पनीले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनी प्रमाणित गर्ने विशेषज्ञमा सि.ए. विदुर लुइटेल, बिदुर एसोसिएट्स चार्टर्ड एकाउण्टेण्ट संस्था, पुतलीसडक, काठमाण्डौंले रहेको छ ।

घ) यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" व्यावसायिक संस्था श्री एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौंले तयार गरेको हो ।

ङ) यस हकप्रद शेयर निष्काशनका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकमा नेपाल धितोपत्र बोर्डबाट निष्काशन तथा बिक्री प्रबन्धकको प्रमाणपत्र प्राप्त धितोपत्र व्यवसायी श्री एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौं रहेकोछ ।

**(य) हकप्रद शेयर जारी गर्नुको उद्देश्य :**

१) श्री बीमा समितिको निर्देशन बमोजिम चुक्ता पुंजी कायम गर्नको लागि हकप्रद शेयर निष्काशन गरी पूंजी संकलन गर्न ।

२) कम्पनीको पूंजीगत योजना बमोजिमको पूंजी पुर्‍याउने उद्देश्य अनुरुप मिति २०७४/५/३० गते सम्पन्न ६७औं तथा ६८औं बार्षिक साधारण सभाबाट एक शेयर बराबर एक शेयर (१ : १) को अनुपातमा हकप्रद शेयर जारी गरी पूंजी वृद्धि गर्ने निर्णय गरेकोले सोही बमोजिम पूंजी संकलन गर्न ।

३) कम्पनीले सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिलाई विस्तार गर्नका लागि आवश्यक पूंजी संकलन गर्न ।

४) कम्पनीको प्रबन्धपत्रमा उल्लेख गरिएको उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यहरुको लागि कम्पनीको संस्थाको शाखा विस्तार गरी कारोबार वृद्धि गर्न आवश्यक पूंजी जुटाउन र

५) कम्पनीको पूंजी आधारलाई मजबुत तुल्याइ राख्न ।

६) यस बाहेक कम्पनीले तपसिल बमोजिमको योजना सहित हकप्रदबाट प्राप्त रकम प्रयोग गर्ने निर्णय गरेको छ ।

| क्र.सं. | विवरण | रकम (रु.) |
|---|---|---|
| १. | जोखिम बहन क्षमता अभिबृद्धि | करिब रु.४,००,००,०००/– |
| २. | लगानी अभिबृद्धि | करिब रु.१५,००,००,०००/– |
| ३. | भौतिक पूर्वाधार तथा शाखा विस्तार | करिब रु.११,१९,८८,६१०/– |
| | | **करिब रु.३०,१९,८८,६१०/–** |

**(र) हकप्रद शेयर बिक्री खुल्ला अवधि :**

हकप्रद शेयरको लागि दरखास्त लिने कार्य कम्तिमा ३५ (पैंतिस) दिनका लागि खुल्ला राखिनेछ । सो समयावधि भित्र सम्पूर्ण हकप्रद शेयरको लागि आवेदन नपरेमा "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" को नियम १८ बमोजिम नेपाल धितोपत्र बोर्डलाई अग्रिम जानकारी दिई संगठित संस्थाले सूचना प्रकाशन गरी आवेदन खुल्ला भएको मितिले बढीमा थप १५ (पन्ध्र) दिन सम्मका लागि धितोपत्रको दरखास्त खुल्ला राख्न सकिनेछ ।

**(ल) हकप्रद शेयर खरिदका लागि दरखास्त पाईने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै हकप्रद शेयर खरिदका लागि तयार गरिएको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्न वा हेर्न सक्ने स्थानहरु :**

१. एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौ ।

२. नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेडको रजिर्ष्टर्ड कार्यालय का.म.न.पा. वडा नं.३१, कमलादी, काठमाण्डौं तथा शाखा कार्यालयहरु:-

| | | | |
|---|---|---|---|
| १ | शाखा कार्यालय, बरगाछी, विराटनगर | ११ | शाखा कार्यालय, तीनदोबाटो, बनेपा |
| २ | शाखा कार्यालय, श्रीपुर बिरगन्ज | १२ | शाखा कार्यालय, पुरानो बजार, बाग्लुङ |
| ३ | शाखा कार्यालय, मेनरोड नारायणगढ | १३ | शाखा कार्यालय, कुमारीपाटी, ललितपुर |
| ४ | शाखा कार्यालय, सुर्खेत रोड, नेपालगञ्ज | १४ | शाखा कार्यालय, घोराही, दाङ |
| ५ | शाखा कार्यालय, धनगडी | १५ | शाखा कार्यालय, ईटहरी |
| ६ | शाखा कार्यालय, न्यूरोड पोखरा | १६ | शाखा कार्यालय,नारायण पथ भैरहवा |
| ७ | शाखा कार्यालय, मिलनचोक, वुटवल | १७ | शाखा कार्यालय, कदमचोक जनकपुर |
| ८ | शाखा कार्यालय, लाहान बजार, लाहान | १८ | शाखा कार्यालय, न्यूरोड |

| | | | |
|---|---|---|---|
| ९ | शाखा कार्यालय, भद्रपुर रोड, विर्तामोड | १९ | शाखा कार्यालय, डडेलधुरा |
| १० | शाखा कार्यालय, अजर अमर रोड, हेटौडा | २० | शाखा कार्यालय सुर्यविनायक भक्तपुर |

३. नेपाल धितोपत्र बोर्डबाट इजाजत प्राप्त सि–आश्वा सेवामा सहभागि बैंक तथा वित्तीय संस्थाहरु ।

उपरोक्त स्थानहरुको अलावा हकप्रद निष्काशनको क्रममा ड्राफ्ट संलग्न गरी दरखास्त दिन पाइने र यसरी दरखास्तवालाहरुले दरखास्त दिन चाहेमा शेयर निष्काशन बन्द हुने अघिको मितिसम्ममा एनआईबिएल एस क्यापिटल लि.को नाममा खिचिएको एकाउण्टपेयी **(A/c Payee)** ड्राफ्टका साथ शेयरको दरखास्त फाराम नेपाल सरकार, हुलाक सेवा मार्फत रजिष्ट्री गरी एनआईबिल एस क्यापिटल लि., लाजिम्पाट, काठमाण्डौंमा पठाईएको निवेदनलाई मात्र बाँडफाँटमा समावेश गरिनेछ । नेपाल धितोपत्र बोर्डबाट स्वीकृत प्राप्त सि–आस्वा सेवामा सहभागी अन्य बैंक वा वित्तीय संस्थाहरुमा समेत सि–आस्वा प्रणाली मार्फत शेयर दरखास्त फाराम बुझाउन सकिनेछ । शेयर बिक्री बन्द भएको १५ (पन्ध्र) दिनपछि प्राप्त ड्राफ्ट र आवेदन फारामलाई बाँडफाँटमा समावेश गरिने छैन । हकप्रद शेयर खरिदका लागि दरखास्त फाराम निष्काशनकर्ता कम्पनी नेपाल इन्स्योरेन्स कम्पनी लि. को वेवसाइट www.nepalinsurance.com.np वा धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक श्री एनआईबिएल एस क्यापिटल लि. को वेवसाइट www.niblcapital.com बाट समेत डाउनलोड गरी भरेर पठाउन सकिनेछ र शेयरधनीहरुले आफ्नो हक सम्बन्धी विवरण निष्काशनकर्ता कम्पनी नेपाल इन्योरेन्स कम्पनी लि.को वेवसाइट www.nepalinsurance.com.np तथा निष्काशन तथा बिक्री प्रबन्धकको वेवसाइट www.niblcapital.com बाट हेर्न सकिनेछ ।

**निष्काशन बैंक सम्बन्धी ब्यबस्था :**

| सि.नं. | निष्काशन बैंकको नाम, ठेगाना |
|---|---|
| १. | श्री नेपाल इन्भेष्टमेन्ट बैंक लि., दरवारमार्ग, काठमाण्डौ । |
| २. | श्री कुमारी बैंक लि., पुतलीसडक, काठमाण्डौ । |
| ३. | श्री मुक्तिनाथ विकास बैंक लि., काठमाण्डौं प्लाजा, कमलादी, काठमाण्डौ । |

**(व) आफ्नो ब्यवसायसँग सम्वन्धित ऐन, नियम, कम्पनी ऐन, तथा अन्य नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण पालना गरेको सम्बन्धमा उद्घोषण :**

कम्पनीले गर्ने व्यवसायसँग सम्वन्धित ऐन, नियम, बीमा ऐन, २०४९, कम्पनी ऐन, २०६३ तथा अन्य नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरिएको छ र सोही दायराभित्र रही आफ्नो कारोबार गर्दै आइरहेको छ । साथै यस कम्पनीको संचालकहरु एवं संस्थापकहरु कम्पनी ऐन, २०६३, बीमा ऐन, २०४९ तथा अन्य प्रचलित नेपाल कानूनमा भएको व्यबस्था अनुसार कालोसूचीमा समावेश नरहनुका साथै योग्य रहेको उद्घोषण कम्पनीको रहेकोछ । साथै संस्थाले कम्पनी ऐन बमोजिम कम्पनी रजिष्ट्रार कार्यालयमा आ.व. ०७२/०७३ सम्मको बुझाउनु पर्ने सम्पूर्ण विवरण बुझाएकोले आ.व. ०७२/०७३ सम्म कम्पनी अद्यावधिक रहेको छ ।

**क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण :**

यस "हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यबस्था तथा विवरणहरु" अनुसार निष्काशन गरिने हकप्रद साधारण शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको ब्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लि., डिल्लीबजार, काठमाण्डौंबाट क्रेडिट रेटिङ्ग गराई **"ईक्रा एनपि आईपिओ ग्रेड ४+"** प्रमाणपत्र प्राप्त गरेको छ । **"ईक्रा एनपि आईपिओ ग्रेड ४+"** ले औसत भन्दा तल **(Below Average Fundamentals)** आधारहरु जनाउँदछ । इक्रा नेपालले १ देखि ५ प्वाइन्ट ग्रेडिङ्ग प्रदान गर्दछ। जसमा ग्रेड १ ले बलिया आधार जनाउँछ भने ग्रेड ५ ले कमजोर आधारहरु जनाउँछ । ग्रेड २, ३ र ४ मा प्रयोग गरिने + (Plus) चिन्हले यस समूहका तुलनात्मक सकारात्मक स्थितिलाई जनाउँछ ।

**(श) पछिल्लो ३ बर्षको अधिकतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोबार भएको संख्या सम्बन्धी विवरण :**

| आर्थिक बर्ष | अधिकतम शेयर मूल्य (रू.) | न्युनतम शेयर मूल्य (रू.) | अन्तिम बजार मूल्य (रू.) | शेयर कारोबार संख्या (हजारमा) |
|---|---|---|---|---|
| ०७१/०७२ | ६३०/– | ३०६/– | ३८९/– | १९०.५४ |
| ०७२/०७३ | १,४९०/– | ३२०/– | १,२३५/– | ९८५.३८ |
| ०७३/०७४ | १६१६/– | ५६४/– | १५१०/– | १,४५२.३९ |

**पछिल्लो ३ महिनाको अधिकतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोबार भएको संख्या सम्बन्धी विवरण :**

| आर्थिक बर्ष | अधिकतम शेयर मूल्य (रू.) | न्युनतम शेयर मूल्य (रू.) | अन्तिम बजार मूल्य (रू.) | शेयर कारोबार संख्या (हजारमा) |
|---|---|---|---|---|
| २०७४ पौष | १४८०/– | १३५०/– | १३७०/– | २७.७३ |
| २०७४ माघ | १३७७/– | १२१७/– | १२१७/– | ११.७५ |
| २०७४ फागुन | १३१५/– | ९२२/– | ९६३/– | ३५.४६ |

द्रष्टव्य :यस कम्पनीको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मुल्यसूचीबाट प्राप्त गर्न सकिनेछ ।

**ष) यस “हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु” मा उल्लेख भएको विवरणहरु तथ्य, पूर्ण छन्, सो मा कुनै फरक परेमा हामी संचालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सहि छाप गर्ने संचालकहरुको नाम, दस्तखत ।**

| सि.नं. | संचालकहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री अर्जुन पौडेल शर्मा | अध्यक्ष | |
| २. | श्री श्याम सुन्दर कँडेल | संचालक | |
| ३. | श्री दुर्गा प्रसाद नेपाल | संचालक | |
| ४. | श्री रोमल कृष्ण श्रेष्ठ | संचालक | |
| ५. | श्री सागरसिंह साउद | संचालक | |
| ६. | श्री दिवाकर पौडेल | संचालक | |
| ७. | श्री बिष्णु खेतान अग्रवाल | संचालक | |

**(स) निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण :**

हामीलाई **नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड** तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा त्यस संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै “हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु” मा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो “हकप्रद शेयर निष्काशन सम्बन्धी व्यबस्था तथा विवरणहरु” स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा “धितोपत्र सम्बन्धी ऐन, २०६३” र “धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३” अनुरुपको योग्यता पुगेको प्रतिवद्धतापत्र (ड्यू डेलिजेन्स सर्टिफिकेट) प्रस्तुत गरेका छौं ।

**नेपाल धितोपत्र बोर्डबाट स्वीकृत भएको “हकप्रद शेयर निष्काशन सम्बन्धी व्यबस्था तथा विवरणहरु” सार्वजनिक निष्काशनको लागि प्रकाशन गर्नु २ दिन अगाडी सो को एक प्रति (Soft Copy) नेपाल धितोपत्र बोर्डको वेभसाइटमा राख्ने प्रयोजनको लागि उपलब्ध गराइनेछ ।**